नेपाल सरकार

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय

# सहकारी विभाग

नयाँबानेश्वर, काठमाडौं

## कोपोमिस (COPOMIS) प्रयोगसम्बन्धी अत्यन्त जरुरी सूचना

सहकारी सङ्घसंस्थाहरूको प्रवर्द्धन तथा नियमनमा प्रभावकारिता ल्याउन एवं सहकारी क्षेत्रको एकीकृत तथ्याङ्क आधार सिर्जना गर्न स्थानीयदेखि राष्ट्रियस्तरसम्म इन्टरनेटमा आधारित एकीकृत विद्युतीय व्यवस्थापन सूचना प्रणाली (Co-operative and Poverty related Management Information System - COPOMIS) सञ्चालनमा ल्याइएको बेहोरा सरोकारवाला सबैमा विदितै छ । विभागको मिति २०७५।०८।११ को पत्रमार्फत सबै स्थानीय तहलाई र सो अगावै सबै प्रदेशका भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयलाई युजर नेम र पासवर्ड पठाइ सकिएको छ । सबै सहकारी संङ्घसंस्थाहरूले उक्त प्रणालीको अनिवार्य रूपमा प्रयोग गर्नुपर्ने भएकोले नियमन क्षेत्राधिकारबमोजिम सम्बन्धित प्रदेशको मन्त्रालय वा स्थानीय तहबाट युजर नेम र पासवर्ड यथाशीघ्र प्राप्त गरी २०७५ साल पुस मसान्तभित्र आधारभुत तथ्याङ्क तथा विवरणहरू प्रविष्टि गर्न, नियामक निकायमा पठाउनुपर्ने बिवरण तथा प्रतिवेदनहरू सोही प्रणालीमार्फत पठाउने कार्य आरम्भ गर्न र नियमित रूपमा आफ्ना विवरण अद्यावधिक गर्न समेत जानकारी गराइन्छ । यस विभागको नियमन क्षेत्राधिकारभित्रका सहकारी सङ्घसंस्थाहरूले विभागबाट पठाइएको युजर नेम र पासवर्ड बमोजिम उल्लिखित कार्य गर्न जानकारी गराइन्छ । कोपोमिस प्रयोगको विषयलाई नियामक निकायबाट प्रवाह हुने सेवासँग आवद्ध गर्न सकिने बेहोरा समेत यसै सूचनामार्फत जानकारी गराइन्छ । यस सम्बन्धमा कुनै द्विविधा भएमा **विभागको वेभसाइट** (www.deoc.gov.np) मा COPOMIS User Manual बाट हेर्न, **टेलिफोन** (४४६५३६२, ४४६११७७ ) वा इमेल (sahakaribivag@gmail.com) मार्फत बुझ्न तथा **कम्प्युटर अधिकृत राजाराम पनेरु** (९८४१२८८८३७), **शाखा अधिकृत टोपलाल अर्याल** (९८४१५३७२६२) र सहायक **कम्प्युटर अपरेटर बसन्त अधिकारी** (९८४१३५०६२२) लाई सिधै सम्पर्क गरी आवश्यक सहयोग प्राप्त गर्न सकिने बेहोरासमेत जानकारी गराइन्छ ।